# महाभारत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक
स्था. २०७३

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८  च. नं :-

मितिः २०७८।०३।३०

**विषयः करारमा शिक्षक छनौट प्रयोजनका लागि विशेषज्ञ सूचिकृत हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरबन्दी तथा राहत अनुदानकोटामा नियमानुसार करार सेवामा शिक्षक छनौटका लागि विषय विज्ञको रुपमा कार्य सम्पादन गर्न इच्छुक तपशिलको योग्यता पुगेका काभ्रेपलाञ्चोक जिल्ला भित्र अध्यापनरत स्थायी शिक्षकहरुले निम्नानुसारका कागजात सहित तोकिएको ढाँचामा सनराइज बैंक लिमिटेड, महाभारतमा रहेको महाभारत गाउँपालिका, काभ्रेको खाता नं. ०९३०५३६२१४७०३००५ मा माध्यमिक तहको हकमा रू ७०० (सात सय मात्र) र आधारभूत तहको हकमा रू ५०० (पाँच सय मात्र) नगद जम्मा गरी सोको सक्कल भौचर सहित मिति २०७८।०४।०६ गतेसम्म यस गाउँकार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

१. माध्यमिक तह तृतीय श्रेणीको शिक्षक छनौटका लागि कम्तिमा स्नातकोत्तर (जुनसुकै शङ्कायमा) गरी शिक्षा शास्त्रमा स्नातक (एक वर्षे वीएड वा माध्यमिक तहको शिक्षकको १० महिने सेवाकालिन तालिम समेत) र आधारभूत तहको हकमा कम्तिमा स्नातक गरी शिक्षा शास्त्र शङ्कायमा स्नातक वा माध्यमिक तहको शिक्षकको दश महिने सेवाकालिन तालिम वा एक वर्षे वीएड उत्तीर्ण भएको हुनुपर्ने ।

२. विशेषज्ञ हुन चाहेको तहमा कम्तिमा २ वर्षको शिक्षण अनुभव (स्थायी र अस्थायीसमेत गरी) भै कम्तिमा १ वर्षको स्थायी सेवा अवधि पूरा भएको हुनुपर्ने ।

३. जुन तहको विषय विज्ञ हुन चाहेको हो सोही तह स्पष्ट उल्लेख गरी आवेदन दिनु पर्ने साथै माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८) को शिक्षक छनौटका लागि विशेषज्ञ हुन चाहनेले आफूले अध्ययन र अध्यापन गरेको विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने।

**आवश्यक कागजातहरुः**

- शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि
- स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
- स्थायी नियुक्ति पत्र (अस्थायी भएमा सो समेत) को प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

हरि सिंह विष्ट
प्रमुख प्रशासकीय अधिकृत

Url: mahabharatmun.gov.np  Phone No: 9866294010  Email: mrmedusection@gmail.com

Scanned by CamScanner

महाभारत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८

च. नं :-

- महाभारत गाउँपालिका वाहेक काभ्रेपलाञ्चोक जिल्लाका अन्य स्थानीय तहका वियालयहरुमा कार्यरत शिक्षकले विशेषज्ञको सूचिमा सूचिकृत हुन चाहेमा सम्वन्धित वियालय र स्थानीय तहको सिफारिसको सक्कल प्रति
- सूचिकृत हुन चाहेको तह/विषयको एक प्रति प्रश्न पत्र अति गोप्य तरिकावाट शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमका आधारमा तयार गरी खामवन्दीसमेत गरेर पेश गर्नु पर्ने ।
- यसैसाथ संलग्न फाराममा तोकिएको ढाँचामा व्यक्तिगत विवरण, सम्पर्क मोवाइल नम्वर र इमेल ठेगानासमेत अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

द्रष्टव्यः माथि उल्लिखित योग्यता र शिक्षण अनुभव हासिल गरी स्थायी शिक्षक पदवाट सेवा निवृत भइ निवृत्तिभरण पाइरहेका महाभारत गाउँपालिका भित्र स्थायी वसोवास गर्ने इच्छुक निवृत शिक्षकलाई समेत यसवमोजिम निवेदन पेश गर्न अनुरोध छ ।

<u>बोधार्थः</u>

श्री सूचना प्रविधि शाखाः सूचना अपलोड गरिदिनुहुन ।

हरि सिंह विष्ट

प्रमुख प्रशासकिय अधिकृत



Scanned by CamScanner